नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति

## चमेनागृह भाडा मूल्य वढावढ गराई सञ्चालन गर्ने सम्बन्धी वोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७७।०४।२९ गते)

सूचना नं.१०।०७७।७८

यस समितिद्धारा संचालित कालीमाटी स्थित बजार हाता भित्र रहेको सटर नं १८ मा रहेको चमेनागृह सञ्चालन गर्न इच्छुक फर्म, ठेकेदार, संघ सस्था वा कम्पनीहरुलाई यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले २९ औं दिन सम्म खरिद गरी ३० औं दिनको १२ बजे भित्रमा तपसिलमा उल्लिखित शर्तको अधिनमा रहने गरि नियमपुर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्र पेश गर्दा पालना गर्नु पर्ने शर्तहरु**

१.बोलपत्र फाराम समितिको कार्यालय कालीमाटी र कृषि उपज बजार बालाजुबाट रु.१०००।- (फिर्ता नहुने गरि) मा खरीद गरी प्राप्त गर्न सकिनेछ।

२.बोलपत्र फाराम पेश गर्दा बोलपत्रदाताले कवोल गरेको बार्षिक रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी वापत कालीमाटी स्थित यस समितिको कृषि बिकास बैंकको चल्ती खाता नं. ०२१०३००१६६१२४०१४ मा जम्मा गरिएको भौचर वा १२० दिन म्याद भएको कुनै बाणिज्य बैंकबाट यस समितिको नाममा जारी गरिएको सक्कल विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

३.बोलपत्रमा उल्लेख गरिएको दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

४.बोलपत्र बुझाउने म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट समेत पेश गर्न सकिनेछ ।

५.बोलपत्र फाराम समितिको कार्यालय कालीमाटी र कृषि उपज बजार बालाजुबाट नविकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र मु.अ.क को प्रतिलिपि सहित निवेदन दिइ खरीद गरी समितिको कार्यालय कालीमाटी वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय,सिंहदरबार,काठमाण्डौमा श्रीमान् कार्यकारी निर्देशकज्यूलाई सम्बोधन गरी बोलपत्र बुझाउने अन्तिम दिनको १२:०० बजे भित्र बुझाउन सकिनेछ । तर बोलपत्रको बाहीरी फाराममा चमेनागृह सञ्चालन सम्वन्धी वोलपत्र भन्ने खुलाएको हुनु पर्नेछ ।

६.म्याद नाघेर आएका, शर्त सहितका तथा रीत नपुगेका बोलपत्र माथी कुनै किसिमको कारवाही हुने छैन ।

७.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समितिसंग सुरक्षित रहनेछ ।

८.बोलपत्र बुझाउने अन्तिम दिनको १.०० बजे समितिको कार्यालय कालीमाटीमा सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा वा अनुपस्थितीमा पनि खोलिनेछ ।

९.बोलपत्र स्वीकृत गर्ने आशयको जानकारी समितिको सुचना पाटीमा टाँस गरिनेछ र बोलपत्र स्वीकृत भए पछि बोलपत्रदाताले कबोल रकमको ३ महिना बराबरले हुन आउने रकम र बार्षिक कबोल रकमको ५ प्रतिशत बराबरको रकम धरौटी वापत समितिमा बुझाउनु पर्नेछ ।

१०.यस सूचनामा उल्लेख नभएका बिषयहरु बोलपत्र फाराम, समितिको आर्थिक कार्यविधि नियमावली २०७३, बजार बिकास तथा संचालन नियमावली २०६० र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

११.बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित सम्पुर्ण शर्तहरु पालन गर्नु पर्नेछ ।

१२.थप जानकारी चाहिएमा यस समितिको वेभसाईड www.kalimatimarket.gov.np मा हेर्न र समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| सि.न | भाडामा लगाउने संरचनाको विवरण | कारोवार गर्न पाउने वस्तुहरुको विवरण | क्षेत्रफल | सम्झौता अवधि (बढिमा) | मासिक न्यूनतम भाडा | वार्षिक न्यूनतम भाडा |
|---|---|---|---|---|---|---|
| १ | सटर नं १८ को चमेनागृह (कालीमाटी बजार) | (चिया ,खाजा कारोवार गर्ने प्रयोजनका लागी मात्र) | ३८१ वर्ग फिट | २०८० असार मसान्त सम्म | रु.९३,१७०।- (अक्षरुपी त्रियानब्बे हजार एक सय सत्तरी मात्र) | यस रकम समितिमा बुझाउनु पर्ने खुद रकम हो। ठेकेदारले यसको अलग्गै मु.अ.क.रकम/घर वहाल कर थप बुझाउनु पर्नेछ । |